बैठक नं. १६

आज मिति २०७९ पुष ७ गते, विहीबार बिहान ८:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

**<u>विषयहरु :</u>**

**१. अन्तरनगर खेलकुद प्रतियोगिताबारे ।**

**२. समिति निर्णय अनुमोदनबारे ।**

**३. विविध ।**

**<u>निर्णयहरु :</u>**

**१. भक्तपुर नगरपालिकाबाट शहीद दिवसको अवसरमा २०७९ फागुन महिनामा अन्तर नगर खो खो प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।**

**२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :**

**<u>क बोलपत्र मूल्यांकन समिति</u>**

**मिति २०७९।९।७ गतेको बोलपत्र मूल्यांकन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१.भक्तपुर नगरपालिकाबाट दैनिक सरसफाई तथा फोहर संकलन कार्यको लागि आवश्यक लाइट पीकअप (मिनी ट्रिपर) गाडी २ थान खरिद गर्न मिति २०७९□०७□२४ गते □गोरखापत्र□ दैनिकमा सूचना प्रकाशित गरिएकोमा म्याद भित्र एउटै मात्र बोलपत्र दर्ता हुन आएको हुदा उक्त बोलपत्र मिति २०७९□०८□२६ खोलिएको मुचुल्का अनुसार बोलपत्रदाता सिप्रदी ट्रेडि□ प्रा.लि, काठमाण्डौको प्रति थान गाडीको रू.१५,४८,६७२।५६ का दरले २ थानको कुल रू.३०,९७,३४५।१२ (भ्याट बाहेक) अक्षरेपि तीस लाख सन्तानब्बे हजार तीन सय पैतालिस रूपैया बाह्र□□□ पैसा बराबरको रकम कबोल गरिएको हुदां □सार्वजनिक खरिद ऐन २०६३□ को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मुल्यांङित सारभूत रूपमा प्रभावकारी भएकोले स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

२.चालु आ.व. ०७९□८० का लागि नपामा रहेको सवारी साधनहरूको टायर, ट्युव, सफाई गाडाको टायर, रि□ र सफाई कार्यका लाीग आवश्यक सामग्रीहरू (क्लोरिनयुक्त चुन, च्वाफी र कुचो) खरिद गर्न मिति २०७९□०७□३० मा □गोरखापत्र□ दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार दर्ता हुन आएका ३ (तीन) थान बोलपत्रहरू मिति २०७९□०९□०१ गते खोलिएको मुचुल्का अनुसार न्यूनत्तम अंक कबोल गर्ने बोलपत्रदाता क्रियटिभ

बिजनेश इन्टरप्राइजेज, काठमाण्डौको कुल रू.२५,४२,४०६।४० (भ्याट बाहेक) अक्षरेपि पच्चीस लाख बयालीस हजार चार सय छ रूपैया चालीस पैसा बराबरको रकम कबोल गरिएको हुदां □सार्वजनिक खरिद ऐन २०६३□ को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनतम मुल्यांङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

## ख. निर्माण समिति

**मिति २०७९।९।७ गतेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि .ल. ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | थन्थु दरबार पुन:निर्माण कार्य | ३ | नपा | ४७,३९१,१५८।९२ | | | | | | | | अमानत तथा टेण्डर प्रक्रियाबाट कार्य गर्ने |
| २ | सैनिक आवासिय मा.वि.को प्राङ्गणमा रहेको बोरिङको पानी भाजु पोखरीमा ल्याउने | १ | मर्मत | ४०,६८०।०० | | | | | | | | |
| ३ | वडा नं. १० मा रहेको कभर्ड हलको लागि सिंढी बनाउने कार्य | १० | मर्मत | ४२,३०१।०३ | | | | | | | | |
| **पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | महेश्वरी ग्यारेजमा ढल व्यवस्थापन कार्य | ७ | मर्मत | ९९,८२९।६९ | | ३२,५००।०० | ४४,३३३।०१ | ११,८३३।०१ | ८८,३०५।७८ | सम्पन्न | हेरा ब्याजु | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | इटाछें बाटोको छेउमा ढुंगा छपाई | २ | सडक बोर्ड नेपाल र नपा | १,१९१,४२६।६१ | | | उ.स.अ.:श्री पुण्यराम देशेमरू<br>अ.स.स.:श्री श्यामसुन्दर मातां | | | | | |
| २ | नारमला फल्चा पुन:निर्माण र शहिद स्मृति | २ | नपा | ३,२९८,१६९।५२ | | | उ.स.अ. : श्री गणेशभक्त खर्बुजा<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | रू. २० लाख बजेट विनियोजन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | फल्वा मर्मत | | | | | | | | | |
| ३ | जनज्योति पुस्तकालयमा ईंलाइवेरी सञ्चालनको लागि इलेक्ट्रिफिकेशन, ब्याक अप सिस्टम, सीसी क्यामेरा फर्निचर जडान कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति | ५५८,८०७।०७ | | | उ.स.अ. : श्री राजन जति<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | |
| ४ | रानी पोखरीमा विद्युतीकरण कार्य | १ | मर्मत | ५१२,३५२।४७ | | | उ.स.अ. : श्री रमेश गाइसी<br>अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | |

ग. **आर्थिक तथा लेखा समिति**

**मिति २०७९।९।७ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१. भक्तपुर नगरपालिका कार्य क्षेत्र भई संचालन भएका केही सहकारीरुले बचतकर्ताको बचत रकम फिर्ता नदिएको गुनासो आएकोले उक्त सहकारीहरुका संचालक र व्यवस्थापकहरुलाई निम्न मिति, समय र स्थानमा बोलाई छलफल गर्ने निर्णय गरियो ।

मिति : २०७९।९।११ गते, सोमबार
समय : दिनको १:०० बजे
स्थान : भ.न.पा. सभा कक्ष

२. आ.व. २०७४/०७५ अगाडि दर्ता भई एकभन्दा बढी स्थान/तह/ कार्य क्षेत्र लिई भक्तपुर नगरपालिकाभित्र संचालनमा भइरहेका सहकारी संस्थाहरुले भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ अनुसार मासिक र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने भएकोले भक्तपुर नगरपालिकाभित्र संचालनमा रहेका सहकारीहरु संचालन स्वीकृतिको लागि निवेदन पेश गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाभित्र कार्य क्षेत्र भई संचालनमा रहेका सहकारी संस्थाहरुका लेखा समितिका पदाधिकारीहरुलाई निम्न मिति, समय र स्थानमा पदाधिकारी भेलाको सूचना प्रकाशित गर्ने निर्णय गरियो । उक्त भेलामा सहभागी २०० जनालाई स्टेशनरी, खाजा र चियाको बन्दोबस्त गर्ने निर्णय गरियो :

मिति : २०७९।९।२० गते, बुधबार

समय : दिनको २:०० बजे

स्थान : ख्वप इन्जिनियरिङ्ग कलेज, लिवाली, भक्तपुर ।

४. सहकारी संस्थाका व्यवस्थापकहरु वा लेखाको कार्य गर्ने कर्मचारीहरुलाई वित्तिय व्यवस्थापन सम्बन्धी तालिम दिने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. पूर्वाधार विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको च.नं. ३६७ र मिति २०७९।८।१७ गतेको पत्रानुसार डेकोचा चांगु न्याचपौवा मंगलटार सांखु सलम्बुटार सडक, भक्तपुरको बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडाबाट खरिद गुरुयोजना मिति २०७९।७।३० मा स्वीकृत भइसकेको हुंदा उक्त सडक निर्माण कार्य अगाडि बढाउन जग्गा सिमांकन (Right of way) शहरी सडकको/ प्रादेशसिक सडकको मापदण्ड अनुसार उपलब्धको सुनिश्चितता आवश्यक भएकोले तहां पालिकाको कार्यपालिकाको निर्णयबाट उक्त सडकमा पर्ने सम्बधित वडा कार्यालयहरुलाई जानकारी गराई जग्गा उपलब्ध गराउन सकिने वा नसकिने ? सकिने भएमा कति मिटर चौडाई (Row) सकिने हो सोको जानकारी सहित आवश्यक निर्णय पठाई सहयोग गरिदिनु हुन भनी यस कार्यालयमा पत्राचार भएको विषयमा छलफल हुंदा "भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० को परिच्छेद ५(५.८) सडक मापदण्ड तथा सार्वजनिक जग्गाबाट छोड्नु पर्ने दुरी (सेट व्याक) देकोचा चोकदेखि बारे पुलसम्मका सडकको केन्द्र विन्दुबाट दायां बायां दुरी सडक सिमा क्षेत्र (Right of Way) ६ मिटर र सडक छेउबाट छोड्नु पर्ने दुरी (सेट ब्याक) १.५ मिटर" भएकोले सडक मापदण्ड अनुसारको जग्गा उपलब्ध गराउन सकिने भनी सम्बन्धित भ.न.पा. ६ नं. र १० नं. वडा कार्यालयबाट लेखी आएको हुंदा सडक मापदण्ड अनुसारको जग्गा उपलब्ध गराउन सकिने भनी पूर्वाधार विकास कार्यालय, धुलिखेलमा पत्राचार गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग २२६२ नं. गाडीमा मोबिल फिल्टर, ह्वील सिलिण्डर, डिजेल फिल्टर तथा अन्य आवश्यक सामान फेरे वापत रु.२३,६१७।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ झ ८७४० नं. गाडीमा ब्याट्री फेरे वापत रु.११,०२५।- र को १ स १६८१ नं को ट्राइसाइकलमा ब्याट्री फेरे वापत रु.३,४९९।- गरी कुल रु.१४,५२५।- नेपाल अटो ईलेक्ट्रिक ट्रेड सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्रदेश ३-०१-००२ झ ५४९६ नं. एम्बुलेन्स गाडीमा अक्सिजन ब्ल्याकेट बनाए वापत जम्मा रु. ३,३९०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. यस भक्तपुर नगरपालिकामा विभिन्न समयमा बिस्कुट तथा फलफूल उपलब्ध गराए वापतको रु.१६,३२०।- आर के जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिएको लैंगिक हिंसा विरुद्ध महिला कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रममा सहभागीहरुलाई खाजा व्यवस्था गरे वापत रु.२४,४०८।- सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाका D ३१९ कोमासु बुल डोजरको सामान फेरी मर्मत गर्नु परेकोले हाम्रो हेभी इकुपमेन्ट वर्कशपबाट पेश भएको कोटेशन रु.२०२,२७७।- स्वीकृत गरी मर्मत गराउने निर्णय गरियो ।